परीक्षावधि सेवा

- सेवा विवरण

अपराधी परीक्षावधि अध्यादेश (खण्ड २९८) अनुसार कुनै अपराधीलाई १ देखि ३ वर्षका लागि एकजना परीक्षावधि अधिकारी [PO(परीक्षावधि)] को वैधानिक सुपरिवेक्षणमा राखिने व्यवस्थाका साथ, परीक्षावधि सेवा एउटा समुदायमा आधारित कार्यक्रम हो। परीक्षावधि सेवाको अन्तिम लक्ष भनेको अपराधीहरूलाई कानूनको सम्मान गर्ने नागरिक बन्न तथा समुदायमा पून समायोजन हुनमा मद्दत गर्नु हो।

- उद्देश्यहरू

परीक्षावधि सेवाको उद्देश्यहरू देहायअनुसार छन्-

(a) परीक्षावधि आदेश अथवा सामुदायिक सेवा आदेश अन्तर्गत राखिने सम्बन्धमा अपराधीहरूको योग्यताबारे अदालतमा सिफारिश गर्नु;

(b) परीक्षावधि सुपरिवेक्षण अन्तर्गत राखिएकाहरूको उपचार तथा पुनर्स्थापनाबारे अदालतको निर्देशनहरूको कार्यान्वयन गर्नु;

(c) उनीहरूलाई आफ्ना व्यवहार तथा भावनामा सकारात्मक परिवर्तन ल्याउनमा सहायता गर्नु;

(d) पून अपराध गर्नबाट जोगाउन उनीहरूका जीवनसित जुड्ने सीपमा वृद्दि गर्नु;

(e) पुनर्स्थापना प्रक्रियामा पारिवारिक टेवालाई सुद्रिड पार्नु;

(f) अदालतद्वारा सिफारिश गरिएका अपराधी तथा जरुरी भएको स्थितिमा उनीहरूका परिवारका सदस्यहरूका आवश्यकता पूरा गर्न सामुदायिक स्रोतहरूको उपयोग गर्नु।

- सेवाको किसिम

(a) अदालत तथा सम्बन्धित पक्षहरूका लागि तामेल गर्दा, POs(परीक्षावधि) ले परीक्षावधि अधिकारीका प्रतिवेदन, सामुदायिक सेवा आदेशका लागि योग्यता प्रतिवेदन, परीक्षाधिनहरुका प्रगति प्रतिवेदन तथा दिर्घकालीन कैदी तथा पुनरावेदन मुद्दाहरूका लागि सामाजिक कल्याण प्रतिवेदन लगायतका सुनवाइपुर्वका प्रतिवेदनहरू तयार गर्दछन्।

(b) परीक्षाधिनहरुका लागि उपलब्ध सेवामा वैधानिक सुपरिवेक्षण, नियमित अन्तर्वार्ताद्वारा व्यक्तिगत मार्गनिर्देशन तथा पारिवारिक परामर्श, गृह भ्रमण तथा परीक्षावधि अवधिका अन्य गतिविधिहरू पर्दछन्।

(c) उपयुक्त भएअनुसार, अपराधी, परीक्षाधिनहरु तथा उनीहरूका परिवारका सदस्यहरूलाई विभागद्वारा संचालित स्वीकृत संस्थामा अथवा गैर सरकारी संस्थाद्वारा संचालित भावनात्मक/ व्यवहारात्मक समस्या भोगिरहेका बालबालिका तथा युवाहरूका लागि आवास गृह, मनोवैज्ञानिक चिकित्साका लागि सम्बन्धित एकाइ तथा निकायहरू, कल्याण सेवा तथा परीक्षावधिर्सका लागि स्वयंसेवा योजना जस्ता अन्य सेवाहरू तथा सामुदायिक सहायता सेवा केन्द्रहरूमा पठाइनेछ।

- लक्षित समूह

लक्षित समूह भनेको देहाय बमोजिमका अपराधीहरू हुन्

- सामाजिक जाँचबूझका लागि अदालतद्वारा पठाइएका छन्;

- परीक्षावधि सुपरिवेक्षण अन्तर्गत राखिन अदालतद्वारा आदेश गरिइएका छन्;

- परीक्षावधि आदेश पूरा गरिसकेका तर तीन महिनासम्मका लागि स्वयंसेवी सुपरिवेक्षण प्राप्त गर्न चहान्छन्;

- पुनरावेदन दिन लागेका अथवा पुनरावलोकन गरिइन लागेका तथा कारावासको सजाय भोगिरहेका छन्; अथबा

- कल्याण सहायता अथवा अन्य व्यावसायिक प्रतिवेदनका लागि अदालतद्वारा रेफर गरिएका छन्।

- परीक्षावधि अधिकारीका सूचीहरू

म्याजिस्ट्रेटको अदालत, जिल्ला अदालत तथा उच्च अदालत (अर्थात प्रथम पटकको अदालत तथा पुनरावेदन अदालत) मा सेवा पुर्‍याउने १२ जना परीक्षावधि अधिकारी हुनेछन्। परीक्षावधि अधिकारीहरूका ठेगाना तथा टेलिफोन नम्बर यहाँबाट डाउनलोड गर्न सकिनेछ एक्रोब्याट डक्यूमन्ट एमएस वर्ड डक्यूमन्ट

- कार्यालय समय

(सोमबार देखि शुक्रबार): बिहान ८:४५ देखि बेलुका ६:०० बजे
शनिबार, आइतबार तथा सार्वजनिक विदाहरूमा बन्द रहनेछ

**परीक्षावधि अधिकारीका सूचीहरू**

| परीक्षावधि कार्यालय | ठेगाना | टेलिफोनः | फ्याक्सः |
|---|---|---|---|
| उच्च अदालत तथा जिल्ला अदालत परीक्षावधि कार्यालय | Room 335, 3/F., Wan Chai Tower 1, 12 Harbour Road, Hong Kong | 2582 4025 | 2582 4017 |
| पूर्वीय परीक्षावधि कार्यालय १ | Room 1226, 12/F, Eastern Law Courts Building, 29 Tai On Street, Sai Wan Ho, Hong Kong | 2151 8142 | 2572 9214 |
| पूर्वीय परीक्षावधि कार्यालय २ | Room 206, 2/F., Western Magistracy, 2A Pokfulam Road, Hong Kong | 2546 7973 | 2975 4613 |
| कोलुन सहर परीक्षावधि कार्यालय १ | Room 404, 4/F, Kowloon City Law Courts Building, 147M Argyle Street, Kowloon. | 2767 3143 | 2350 6207 |
| कोलुन सहर परीक्षावधि कार्यालय २ | 11/F., To Kwa Wan Government Offices, 165 Ma Tau Wai Road, Kowloon | 2349 4931 | 2775 0548 |
| क्वुन टंग परीक्षावधि कार्यालय १ | 8/F., Kowloon East Government Offices Building, 12 Lei Yue Mun Road, Kwun Tong, Kowloon | 2349 5700 | 2775 2027 |
| क्वुन टंग परीक्षावधि कार्यालय २ | 7/F., Kowloon East Government Offices Building, 12 Lei Yue Mun Road, Kwun Tong, Kowloon | 2782 1727 | 2374 4057 |
| शाटिन परीक्षावधि कार्यालय | Room 801, 8/F, Shatin Government Offices, 1 Sheung Wo Che Road, Shatin N.T. | 2158 6711 | 2697 9652 |
| फान्लिंग परीक्षावधि कार्यालय | Room 325, 3/F, Fanling Law Courts Building, 1 Pik Fung Road, Fanling, N.T. | 2682 7573 | 2682 2916 |
| सुएन वांग परीक्षावधि कार्यालय | 13/F., 99 Plaza, 99 Tai Ho Road, Tsuen Wan, N. T. | 2409 1076 | 2944 9946 |
| टुएन मुन परीक्षावधि कार्यालय १ | 4/F., Tuen Mun Government Offices, 1 Tuen Hi Road, Tuen Mun, N.T. | 2451 3123 | 2404 1161 |
| टुएन मुन परीक्षावधि कार्यालय २ | 4/F., Tuen Mun Government Offices, 1 Tuen Hi Road, Tuen Mun, N.T. | 2451 3134 | 2404 1161 |